"अबको राष्ट्रको संकल्प : नयाँ समाजवादी विकल्प"

# नेपाल समाजवादी पार्टी संगठन निर्माण तथा बिस्तार अभियान निर्देशिका – २०८०

नेपाल समाजवादी पार्टी लोकतान्त्रीकरण तथा संघीयकरणका अधुरा कार्यभार पूरा गर्दै देशलाई सुशासन र समृद्धिको दिशामा अघि बढाउन चाहने सहभागितामूलक, समावेशी, समानुपातिक तथा प्रत्यक्ष लोकतन्त्रमा विश्वास गर्ने पार्टी हो । सामूहिक नेतृत्व प्रणालीमा आधारित आलोचनात्मक चेतसहितको अनुशासित र सिर्जनशील पार्टी हो । उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग, वर्ण र समुदायको मुक्ति  चाहने पार्टी हो । युवाहरूलाई स्वदेशमै गुणस्तरीय शिक्षा र रोजगारीको ग्यारेन्टी चाहने पार्टी हो । विकास, सुशासन र समृद्धिको नेतृत्व गर्न चाहने पार्टी हो । त्यसनिम्ति हाम्रो पार्टी 'समुन्नत

समाजवाद' को आदर्श र मार्गदर्शनबाट अनुप्रेरित पार्टी हो । नयाँ अग्रगामी वैकल्पिक शक्ति निर्माणमा प्रतिवद्ध पार्टी हो ।

प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक तथा प्रत्यक्ष निर्वाचित संसद्, जातीय/भाषिक पहिचानका आधारमा प्रदेशहरूको पुनः सीमांकन र नामांकन लगायतका संशोधन नभएसम्म राजनीतिक अस्थीरता र जनताको असन्तुष्टि कायम रहन्छ भन्ने कुरा अहिले व्यवहारतः पुष्टि हुँदै गइरहेछ । लोकतान्त्रिक राजनीतिक स्थीरताविना सुशासन र तीव्र आर्थिक-सामाजिक रूपान्तरण हुनै सक्दैन । मधेस प्रदेशबाहेक अरु सबै प्रदेशको नामाकरण पुरानै पञ्चायती अञ्चलहरूको जस्तो गरी भएको छ । प्रदेश नामाकरणको विषयलाइ लिएर १ नम्बर प्रदेशमा ठूलो आन्दोलन भैरहेको छ । गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगारीको अभावले युवाहरूमा र आम जनतामा निराशा र असन्तुष्टि बढ्दै गइरहेछ । धमिलो पानीमा माछा मार्न पुनरूत्थानवादी शक्तिहरु संघीय लोकतान्त्रिक गणतन्त्रको विरूद्धमा नै सल्बलाउन खोजिरहेछन् । वाह्य शक्तिहरू आफ्नो सामरिक स्वार्थ पूर्ति गर्न विभिन्न भेष र वहानामा हाम्रो आन्तरिक मामिलामा हस्तक्षेप र घुसपैठ गरिहेछन् ।

यो स्थितिमा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै जनताको सुशासन, समृद्धि र सामाजिक न्यायको आकांक्षा पूरा गर्नु र समुन्नत समाजवादको दिशामा अघि वढ्नु लोकतान्त्रिक, प्रगतिशील, समाजवादी शक्तिहरूको साझा दायित्व हो । परन्तु

संघीय लोकतान्त्रिक गणतन्त्रको वास्तविक रक्षा शासकीय स्वरूप र संघीयतामा आवश्यक सुधार, सुशासनको प्रत्याभूति, समानुपातिक समावेशी प्रतिनिधित्वको सही कार्यान्वयन र तीव्र आर्थिक विकासविना सम्भवै छैन । विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग, वर्ण समुदायका जनता र विशेषतः उदीयमान युवापुस्ताको बढ्दो आकांक्षा पूरा गरेर मात्र ठूलो बलिदानस्वरूप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रप्रति आमजनताको अपनत्व स्थापित गर्न सकिन्छ । समुन्नत समाजवादको दिशामा अघि वढेर मात्र प्राप्त उपलब्धीको दिगो रक्षा गर्न सकिन्छ ।

गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रको निम्ति लडेका व्यक्ति र शक्तिहरूको नै क्रमशः स्खलन र भ्रष्टीकरण, व्यवस्था परिवर्तनपछि जनजीवनमा त्यसको अपेक्षित प्रतिफलको अभाव र क्रान्तिकारी आन्दोलनपछि हुर्केको युवापुस्तामा ऐतिहासिक क्रान्तिचेतको प्रवाहमा कमी जस्ता कमजोरीले पनि आज संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै अघि बढ्न कठिन भइरहेछ । तसर्थ, हजारौंको बलिदानबाट प्राप्त उपलब्धिको रक्षा गर्दै बाँकी उपलब्धि प्राप्तिका लागि नयाँ युगको नयाँ विचार, नीति, कार्यक्रमका आधारमा एकताबद्ध भएर संघर्ष गर्दै जानु आजको मुख्य कार्यभार हो । प्राप्त राजनतिक उपलब्धिको जगमा टेकेर सामाजिक न्याय सहितको तीव्र विकास र समृद्धिको बाटोमा अघि बढन् अब ढिलाइ गर्नु हुँदैन । गणतन्त्र, लोकतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिकताका निम्ति

लडेका कतिपय नेताहरू भ्रष्टीकरण र निजी सत्तालिप्सा त्यागेर रूपान्तरण हुन जरूरी छ । समयले कसैलाइ पर्खदैन । समय निर्मम हुन्छ । पुराना शक्तिहरू रूपान्तरित नभए नयाँ वैकल्पिक शक्तिहरूको उदय अवश्यम्भावी छ ।

यस्तो बेला दीर्घकालीन वैचारिक स्पष्टतासहित तत्कालीन जनसरोकारका मुद्दामा दृढ भएर आम जनताबीच संगठन निर्माण गर्दै सडक, सदन र सरकार तीनवटै ठाउँबाट जनतालाई गोलबन्द गरेर अघि बढ्ने उद्देश्यले यो **"संगठन निर्माण तथा बिस्तार अभियान"** सञ्चालन गरिएको छ ।

**१. अभियानको नाम :** यस अभियानको नाम **"संगठन निर्माण तथा बिस्तार अभियान"** रहनेछ ।

**२. अभियानको प्रमुख नारा :** "अबको राष्ट्रको संकल्प : नयाँ समाजवादी विकल्प" रहनेछ ।

**३. अभियानको नेतृत्व :** अभियानको समग्र नेतृत्व **'केन्द्रीय कार्यकारिणी समिति'** ले गर्नेछ । के.का.स.ले अभियान अवधिभरका लागि केन्द्रीय अभियान परिचालन समिति ' र आवश्यक सचिवालय तथा उपसमितिहरू निर्माण गर्नेछ ।

**४. अभियानको समयावधि :** अभियान २०८० असार बाट सुरूभई पुस मसान्तसम्म सञ्चालन हुनेछ ।

**५. अभियान सञ्चालन क्षेत्र :** यस अभियान मुख्यतः स्थानीय तह (गाउँपालिका/नगरपालिका) केन्द्रित हुनेछ । संघ र प्रदेश स्तरमा प्रचारात्मक, वैचारिक, व्यवस्थापकीय काम हुनेछन् ।

## ६. अभियानको उद्देश्य :

- पार्टीलाई वैचारिक रूपमा नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी विकल्पको रूपमा स्थापित गर्ने ।
- पार्टी, नेता-कार्यकर्ताहरूको सैद्धान्तिक एवम् वैचारिक स्तर अभिवृद्धि गर्ने ।
- तत्कालिक जनसरोकारका विषय र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक प्रत्यक्ष निर्वाचित व्यवस्थापिका प्रणाली तथा पहिचान सहितको संघीयताको एजेण्डालाई सडक, सदन र सरकारमा सशक्त रूपमा उठाउने ।
- सबै स्थानीय तहसम्म संगठनात्मक सञ्जाल बिस्तार गर्ने ।
- विचार मुद्दा मिल्ने शक्तिहरूसँग संवाद, सहकार्य र ध्रुवीकरणको कामलाई अघि बढाउँदै प्रगतिशील, लोकतान्त्रिक, समाजवादी ध्रुव निर्माण गर्न पहल गर्ने ।

## ७. अभियानको लक्ष्य :

### क) वैचारिक/राजनीतिक :

- साउन मसान्तसम्म प्रदेश र असोज मसान्तसम्म जिल्ला र स्थानीय तहहरूको प्रशिक्षण सम्पन्न गर्ने । संघीय परिषद सदस्य, केन्द्रीय समिति सदस्य, केन्द्रीय निकायका सदस्यहरू, केन्द्रीय बिभागका सदस्यहरू,

जनवर्गीय संगठनका सदस्यहरू, प्रदेशस्तरीय प्रशिक्षणमा सहभागी हुनेछन ।

- केन्द्रीय प्रशिक्षण बिभागले कार्यक्रमको तालिका बनाई प्रशिक्षण गर्नेछ ।
- वैचारिक, राजनीतिक, संगठनात्मक उद्देश्य समेटिएको जनस्तरमा वितरण गर्न केन्द्रीय कार्यालयले पर्चा तथा अन्य प्रचार सामग्री तयार गर्नेछ ।
- जनस्तरवाट सुझाव ग्रहण गर्न र विशेषतः नयाँ पुस्तालाई वैचारिक- राजनीतिक दिशावोध गराउन सार्वजनिक वहस, छलफल, अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ ।

**ख संगठन**

- पार्टी र जनवर्गीय संगठनहरूको सदस्यता वितरण र नवीकरण गर्ने ।
- सबै स्थानीय तहहरूमा कार्तिकसम्म पार्टी समितिहरू गठन, पुनर्गठन गर्ने ।
- श्रावण मसान्तभित्र केन्द्रीय बिभाग र आयोगहरूलाई पूर्णता दिने र क्रियाशील बनाउने । भाद्र मसान्तभित्र प्रदेशले बिभाग र आयोगहरू गठन र क्रियाशील बनाउने । जिल्लालगायतका स्थानीय तहले आवश्यक्तानुसार बिभाग गठन गर्न सक्ने ।
- सम्बन्धित पार्टी कमिटीहरूसँगको संयोजनमा जवसहरूले कमिटी गठन, पुर्नगठन गर्ने ।

- जिल्लासम्म प्रविधिमैत्री कार्यालय स्थापना र सञ्चालन गर्ने ।
- मंसीर- पुसमा वडा र पालिकाहरूको भेला/सम्मेलन गर्ने ।

### ग) संयुक्त मोर्चा र ध्रुवीकरणः

- नीति, सिद्धान्त र विचार मिल्ने पार्टी र समूहहरूसँग सम्वाद, सहकार्य बढाउँदै ध्रुवीकरणको पहल गर्ने र मुद्दा मिल्ने पार्टीहरूसँग मोर्चा बनाउने ।
- अग्रगामी शक्तिहरूको वृहद् ध्रुवीकरण मार्फत देशमा नयाँ वैकल्पिक शक्ति निर्माण गर्न प्रयत्नशील रहने ।
- अन्य पार्टीमा आबद्ध पहिचानसहितको सङ्घीयता, लोकतन्त्र र अग्रगमनका पक्षधर ब्यक्तिहरूलाई पार्टी प्रवेश गराउने, स्वतन्त्र रूपमा रहेका प्रतिष्ठित ब्यक्तिहरूलाई पार्टीमा आबद्ध गराउने ।
- ध्रुवीकृत ब्यक्ति, ब्यक्तित्व र नेतृत्वलाई आबश्यकता अनुसार बिभिन्न स्तरको अभियानमा जोड्ने ।

### घ) जनसंघर्ष, जनपरिचालन र सभा

- राष्ट्रिय सरोकारका मुद्दामा दवावमूलक संघर्ष र जनपरिचालनका कार्यक्रम गर्ने ।
- संघ र प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख तथा पूर्ण समानुपातिक व्यवस्थापिका र पहिचान सहितको संघीयता निम्ति  संविधान संशोधन गराउन सडक,

सदन र सरकार तीनै ठाउँबाट दवावमूलक पहल लिने ।

- भ्रष्टाचार, अनियमितता, कमिसनखोरी, महंगी, कालाबजारी नियन्त्रणका लागि सक्रिय पहल र संघर्ष गर्ने ।
- जातपात, छुवाछुत, भेदभाव, अन्धविश्वास, विकृति, विसंगति, कुरीतिबिरूद्ध सशक्त जनअभियान संचालन गर्ने ।
- शिक्षा र स्वास्थ्य सेवा क्षेत्रमा आमूल सुधार र आम जनताको पहुँच सुनिश्चितताानिम्ति संघर्ष गर्ने ।
- विपद् व्यवस्थापन, स्थानीय पूर्वाधार निर्माण, सामाजिक सेवा, कृषिजन्य उत्पादन लगायतका क्षेत्रमा जनश्रमदान/स्वंय सेवानिम्ति जनपरिचालन गर्ने ।
- पर्यावरणीय बिनाशबिरूद्ध वृक्षारोपण लगायत जनचेतनामूलक कार्यक्रमहरू गर्ने ।
- माथि उल्लेखित जनपरिचालनका लागि संघीय, प्रादेशिक र स्थानीय तहसम्म पार्टीका सबै जनसंगठनका प्रतिनिधिहरू राखेर जनपरिचालन समिति गठन गर्ने ।

### ङ) प्रचार प्रसार र सांस्कृतिक अभियान :

- पार्टी केन्द्रले प्रभावकारी वेवसाइट बनाई सञ्चालन गर्ने ।
- पार्टीका सबै सदस्यहरूले बिभिन्न सामाजिक सञ्जालमार्फत पार्टीको पक्षमा प्रचार र आफूलाई

अपडेट गराइराख्ने ।

- सबैखाले सञ्चार साधनहरूको अधिकतम प्रभावकारी ढंगले प्रयोग गर्ने ।
- प्रदेश र स्थानीय तहमा प्रगतिशील सांस्कृतिक टोलीहरू निर्माण गरी परिचालन गर्ने ।
- छुट्टै IT सेल बनाएर पार्टीको समग्र संरचना र कार्यशैलीलाई सूचना प्रविधिमैत्री बनाउने

## ८) कार्ययोजना निर्माण र सञ्चालन विधि :

- प्रदेशमा केन्द्रबाट तोकिएका प्रतिनिधि, प्रदेश र जिल्लाका इञ्चार्ज र अध्यक्ष साथै जनसंगठनका प्रदेश समिति अध्यक्ष, र मुख्य सचिव बसी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- प्रवासका सबै जिल्लाहरूले नियमित संगठनात्मक कामका अतिरिक्त आ-आफ्नो सापेक्षतामा वैचारिक, राजनीतिक प्रचारात्मक र जनपरिचालनका काम गर्ने ।

## ९) कार्यालय तथा आर्थिक ब्यवस्थापन :

- निर्वाचन क्षेत्र, नगर समिति र वडाहरूमा आ-आफ्नै सापेक्षता र सुविधा अनुसारको सम्पर्क कार्यालय खोली सञ्चालन गर्ने ।

- जिल्लामा अध्यक्ष वा तोकिएको पदाधिकारीमध्ये १ जना र कार्यालय सचिव १ जना पूर्णकालीन अभियानको काम व्यवस्थित रूपमा सञ्चालन गर्ने ।
- प्रत्येक पार्टी सदस्यले अनिबार्य रूपमा लेवी बुझाउनु पर्ने । साथै आर्थिक हैसियत राम्रा भएका पार्टी समर्थक, शुभचिन्तक, बुद्धिजीवी, उद्यमी, ब्यवसायीहरूमध्ये मासिक रूपमा न्यूनतम रू. ५००/- भन्दा बढी सहयोग गर्नसक्ने ब्यक्तिहरूको सूची बनाई सहयोग संकलन गर्ने ।
- केन्द्रीय आर्थिक बिभागले सहयोग रसिद छापी प्रदेशलाई पठाउने छ । प्रदेशले स्थानीय तहलाई रसिद उपलब्ध गराउने छ ।

## १०) अभियानको नेतृत्व :

- यस अभियानको नेतृत्व पार्टी केन्द्रीय कार्यकारिणी समितिले निर्माण गरेको केन्द्रीय अभियान परिचालन समितिले गर्नेछ । अभियानको दैनिक कार्य सम्पादन र अभियानलाई छिटोछरितो, चुस्तदुरूस्त रूपमा सञ्चालन गर्ने काम अभियानको सचिवालयले गर्नेछ ।
- प्रदेशमा अभियानको संयोजन केन्द्रीय कार्यकारिणी सदस्यहरूले गर्नेछन् । अभियान संयोजक र सदस्यहरूले पार्टीका सम्बन्धित समितिहरूसँग समन्वय गरी काम गर्नुपर्नेछ ।

- जिल्ला र पालिकाहरूको अभियानको नेतृत्व केन्द्रीय सदस्य, संघीय परिषद सदस्य वा प्रदेश सदस्यले गर्नेछन् ।

## ११) कार्यबिभाजन

- अभियानभर सबै केन्द्रीय सदस्य, सङ्घीय परिषद् र केन्द्रीय निकायका सदस्यहरू स्थानीय तहमा जोडिएर काम गर्नुपर्नेछ । ठोस कार्यबिभाजन केन्द्रबाट जिम्मेवारी लिएर आएका केन्द्रीय कार्यकारिणी सदस्यहरूको संयोजनमा प्रदेश समिति, पहिचानमा आधारित राष्ट्रिय समिति र जिल्ला समन्वय समितिको प्रतिनिधिहरूको उपस्थितिमा गरिनेछ ।
- एउटै जिल्ला, संघीय निर्वाचन क्षेत्र र महानगरपालिकामा धेरैजना केन्द्रीय वा सङ्घीय परिषद् सदस्य भएमा समझदारीमा छिमेकी जिल्ला, संघीय निर्वाचन क्षेत्र र महानगरपालिकामा कार्यबिभाजन गर्न सकिनेछ ।
- जुन जिल्ला, निर्वाचन क्षेत्र र महानगरपालिकामा केन्द्रीय वा सङ्घीय परिषद् सदस्य छैन, त्यहाँको नेतृत्व सम्बन्धित समितिको निर्णय अनुसार प्रदेश सदस्य वा प्रदेश परिषद् सदस्यले गर्नेछ ।
- प्रदेश समितिहरूमा इन्चार्ज र अध्यक्षले आपसमा समन्वय गरी काम गर्नेछ ।

- यस अभियानमा पार्टी संगठन, जनसंगठन र पार्टीका सम्पूर्ण अवयवहरू सबै एकीकृत र केन्द्रीकृत रूपमा सञ्चालन हुनेछ ।

**१२) विविध :**

- केन्द्रीय कार्यकारिणीले अन्यत्र तोकिएका केन्द्रीय सदस्यभन्दा बाहेक अरू सबै केन्द्रीय सदस्यहरूले तोकिएको कार्यक्षेत्रमा गई अभियानमा सहभागी हुनुपर्नेछ ।
- मन्त्रीले सकेसम्म मन्त्रालयको काम मिलाइ अभियानलाइ समय दिनुपर्नेछ । संघीय र प्रदेशसभा सदस्यहरूको हकमा अधिवेशन साथै संसदीय समितिका बैठक नचलेको बेला तोकिएको क्षेत्रमा गई अभियानमा जोडिनु पर्नेछ ।
- केन्द्रबाट खटिएको अनुगमन टोलीले अनुगमन र मूल्यांकन प्रतिवेदन तयार गर्नेछ ।

# अभियानको कार्ययोजना (२०८० असार–पौष)

| सि.नं. | कार्यक्रम | महिना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | असार | साउन | भदौ | असोज | कार्तिक | मंसीर | पौष |
| १ | तयारी | | | | | | | |
| | | | | | | | | |
| २ | प्रशिक्षण/अभिमुखीकरण | | | | | | | |
| | | | (प्रदेश) | (स्थानीय तह) | | | | |
| ३ | जनसम्वाद/सार्वजनिक सम्वाद | | | | | | | |
| | | | | | | | | |
| ४ | | | | | | | | |
| | | | | | | | | |
| ५ | कमिटी(विभाग गठन/पुनर्गठन | | | | | | | |
| | ष० संघ | | | | | | | |
| | षष० प्रदेश | | | | | | | |
| | षषष० स्थानीय तह | | | | | | | |
| ६ | भेला/सम्मेलन | | | | | | | |
| | ष० पार्टी(स्थानीय तह | | | | | | | |
| | षष० जनवर्गीय संगठन | | | | | | | |

## १३) अभियन्ताहरूले पालना गर्नुपर्ने नियम र आचारसंहिता

१) आफ्नो कुरा अपीलको शैलीमा राखौं ।

२) छोटो र मीठो बोलौं । घोचपेच नगरौं ।

३) समयको पालना गरौं । तोकिएको समयमा बैठक, कार्यक्रम शुरू गरौं ।

४) आसनग्रहण र सम्बोधनमा कम समय खर्च गरौं ।
५) तार्किक बनौं, तथ्यमा विश्वास गरौँ ।
६) भाग्यमा होईन कर्ममा विश्वास गरौँ ।
७) अध्ययनशील, मेहनती, र सक्रिय बनौँ ।
८) पार्टीभित्र छलछाम, षड्यन्त्र र गुटबन्दी नगरौँ ।
९) परम्पराको नाममा अन्धविश्वासमाथि होइन, नयाँ ज्ञान, विज्ञानमा विश्वास गरौं ।
१०) जात, लिंग, बर्ग, क्षेत्र, पेशा, शिक्षा, भाषा र धर्मको आधारमा कसैको अपमान नगरौं ।
११) श्रम संस्कृतिको निर्माण गरौँ र सबैखाले श्रमको उच्च सम्मान गरौँ ।
१२) भ्रष्टचार र व्यभिचारबाट टाढै बसौँ ।
१३) पदलाई पुरस्कार होइन, जिम्मेवारीको रूपमा ग्रहण गरौँ ।
१४) नेतृत्वको देवत्वकरण होइन, सामूहिक नेतृत्वको विकास गरौं ।
१५) निषेध र सम्झौता होइन, एकता–संघर्ष रूपान्तरणको विधि पालना गरौँ ।
१६) परिणाममुखी काम गरौँ । आफ्नो कामको व्यवस्थित रिपोर्ट बनाउने र बुझाउने गरौँ ।

## १४) नाराहरूः

- न पुँजीवाद, न साम्यवाद - अबको विकल्प समुन्नत समाजवाद !
- सम्पूर्ण प्रगतिशील, लोकतान्त्रिक, समाजवादी शक्तिहरू एक हौँ ! (एक हौँ !)
- संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गरौँ !! (रक्षा गरौँ !)
- प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली कायम गर !! (कायम गर!)
- पहिचान सहितको संघीयता लागु गर !! (लागु गर!)
- देश लुट्ने भ्रष्टचारीलाई जन्मकैद गर ! - (जन्मकैद गर!)
- युवाहरू के भन्छन् ? - स्वदेशमै रोजगारी दे भन्छन् !
- विद्यार्थीहरू के भन्छन् ? - गुणस्तरीय शिक्षा दे भन्छन् !
- किसानहरू के भन्छन् ? - समयमै मल-वीउ दे भन्छन्/फसलको उचित मूल्य दे भन्छन् !
- मजदूरहरू के भन्छन् ? - उचित ज्याला/ सामाजिक सुरक्षा दे भन्छन् !
- महिलाहरू के भन्छन् ? -वरावरी अधिकार दे भन्छन् !
- दलितहरू के भन्छन् ? - छुवाछुत अन्त्य गर् भन्छन् !

प्रिय साथीहरू,

हामी इतिहासको निकै संगीन मोडमा छौं । हामी नयाँ इतिहास निर्माण गर्न चाहन्छौं । वैचारिक प्रष्टता, प्रतिबद्धता, समर्पण भावसहित देशलाई अग्रगामी नयाँ दिशा दिन हामी अभियान सुरू गर्दैछौं । छिटो नयाँ समाजवादी विकल्प निर्माण गर्ने उद्देश्यका साथ देशव्यापी रूपमा संगठनको सञ्जाल निर्माण गरौँ । एकताबद्ध र समर्पित भएर "**सङ्गठन निर्माण तथा बिस्तार अभियान**" सफल पारौँ । धन्यवाद ।

२५ जेठ २०८०

**सङ्गठन निर्माण तथा बिस्तार अभियान**
**नेपाल समाजवादी पार्टी**